बाणगंगा नगरपालिका, कपिलवस्तु, ५ नं. प्रदेश, नेपाल

# बाणगंगा नगरपालिका

***गरिबी निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम संचालन गरी उद्यमशिलताको माध्यमबाट उद्यमी श्रृजना गर्न इच्छुक व्यवसाय बिकास सेवा प्रदायक संस्था छनौट गर्ने प्रस्ताव आव्हानको लागि तयार गरिएको कार्य क्षेत्रगत शर्त***

## *Terms of Refernce (TOR)*

### १. *व्यवसाय बिकास सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभुमी :*

बाणगंगा नगरपालिकाबाट तयार गरिएको ५ वर्षे लघु उद्यम विकास रणनैतिक योजनामा उल्लेख भए बमोजिम गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रमका सबै प्रक्रिया चरणबद्ध तवरले संचालन गर्ने अनुभवी योग्य व्यवसायिक बिकास सेवा प्रदायक संस्था, गैर सरकारी संस्था, फर्म वा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय/ घरेलु तथा साना उद्योग बिकास समितिको कार्यालयमा दर्ता भएको कम्पनी मध्येबाट छनौट गरी कार्यक्रम संचालन गर्न यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ।

चालु आ.ब. ०७५।०७६ मा बाणगंगा नगरपालिका अर्न्तगत कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरु मध्येबाट सार्बजानिक खरिद ऐन, र नियमावली बमोजिम संस्थाहरुबाट प्रबिधिक तथा आर्थिक प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा सेवा प्रदायक संस्था छनौट गरिनेछ । यसरी छनौट भएका व्यवसाय बिकास सेवा प्रदायक संस्थासंग नगर कार्यपालिकाको कार्यालयबाट नियमानुसारको सम्झौता गरी कार्यक्रम संचालन हुनेछ।

### २. *(MEDPA) कार्यक्रमको उद्देश्य :*

अति विपन्न बर्ग गरिबीको रेखामुनी रहेका महिला, दलित, आदिवासी, मधेशी आ आर्थिक, सामाजिक, र सांस्कृतिक दृष्टिले पछाडी परेका वर्ग न्यून आय भएका र नेपाल सरकारले लक्षित बर्ग भनि तोकेका जनसामुदायलाई उद्यमशिलताको माध्यमबाट उद्यमी श्रृजना गरी रोजगारी एवं स्वरोजगारीका अबसरहरु प्रदान गरी उनिहरुको आर्थिक स्तरमा सुधार गरी गरीवी निवारणमा सहयोग पुर्याउनु यो कार्यक्रमको मूल उद्देश्य हो।

### ३. *कार्यक्रम लागु हुने क्षेत्र :*

यो कार्यक्रम बाणगंगा नगरपालिका अर्न्तगतका ११ वटै वडामा लागु हुनेछ। यस बाणगंगा नगरपालिकाको समन्वयमा लघु उद्यम बिकासको लागि उपलब्ध स्रोत, बजार तथा लक्षित बर्गको आधारमा उद्यम बिकास समितिको निर्णय अनुसार वार्डहरुमा कार्यक्रम संचालन गर्ने गरी कार्यक्षत्र निर्धारण गर्नेछ।

यसरी निर्धारण गरिएका वार्डहरुमा लघु उद्यम बिकासका लागि छुट्याएको श्रोत र निर्धारण गरेको लक्ष्यलाई समेत समावेश गरिनेछ।

### ४. *छनौट भएका संस्थाहरुले गर्नुपर्ने कार्यहरु :*

(क) कार्यक्रमको बारेमा अभिमुखिकरण : कार्यक्रम संचालनका लागि छनौट भएका वार्डका जन प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजिबी, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रमबारे अभिमुखिकरण गर्ने, भेला, गोष्ठी संचालन गरी बजार श्रोत सम्भाब्यता र लक्षित बर्ग बारे सुनिश्चित गर्ने र उक्त भेला, गोष्ठीले सिफारीस गरेको बस्ती वा टोललाई सम्भाबित कार्यक्षेत्र मानि प्रक्रिया अगाडी बढाउनु पर्नेछ।

(ख) सहभागीतामूलक ग्रामीण लेखाजोखा : गरीवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागी बजार श्रोत सम्भाव्यता अध्ययनको प्रतिवेदनले बाणगंगा नगरपालिकाले छनौट गरेका वडाहरु र समुदायमा सम्बन्धीत सरोकारवालाहरुको सहभागीतामा सहभागीतात्मक ग्रामीण लेखाजोखा PARTICIPITORY RURAR APRAISAL वडा वस्तिमा वसोवास गर्ने समूहहरु मध्येबाट तोकिएको सङ्ख्यामा कम्तीमा २० देखि २५ जना सहभागीहुने गरी कार्यक्रमको लक्षित वर्ग, स्रोत बजार र शीपको सम्भाव्यता पहिचान गर्नुपर्ने छ।

(ग) सर्वेक्षण प्रकृया : PRA को माध्यमबाट छनौट भएका परिवारहरुमध्ये निम्न, मध्यम, गरिव र अति गरिव परिवारको गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका २०७० (तेश्रो संशोधन २०७५ सहित) को फाराम A भर्ने र उक्त परिवार गरिवीको रेखामुनी भएको सुनिश्चित गरि १६ देखि ५० बर्ष भित्रको वेरोजगार सदस्यको फाराम B भर्ने।

यदि परिवारका कुनै पनि व्यवसाय गरिरहेको वा व्यवसाय गरेर बन्द भएको पाईएमा फाराम C समेत भरी उक्त फारामहरुको विश्लेषको आधारमा सम्भावित उद्यमीहरु छनौट गर्ने । सर्वेक्षणको लागी आवश्यक फाराम गरीवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७०(तेश्रो संशोधन २०७५ सहित) मा व्यवस्था भए वमोजिम कार्यालयले उपलब्ध गराएको नमुना अनुसार फारमहरु (A देखि G) सम्म आफैले आवश्यक संख्यामा छपाई गरी सरोकारवालाको प्रत्यक्ष संलग्नतामा भरी उक्त फारमहरुको विश्लेषण गरी लक्षित वर्ग छनौट गर्ने र उक्त फारामहरुको विवरण कम्प्यूटरमा प्रविष्ट गरी SOFT COPY र संकलन फारामहरुमा संस्था प्रमुखले प्रमाणित गरि सम्वन्धित कार्यालयमा पेश गर्नुपर्छ ।

(घ) समूह निर्माण र क्षमता अभिवृद्धि : फाराम A, B, C को बिश्लेषणको आधारमा संभावित लघु उद्यमी छनौट गरी न्यूनतम ५ जना सम्मको लघु उद्यमी समूह गठन गर्ने र उक्त समूहलाइ मासिक वैठक, मासिक बचत, परिचालन, समूह खाता, सहकारी शिक्षा, समूहको अवधारणा, महत्व, पदीय जिम्मेवारी तथा उद्यमको कारोवारको विवरण (उत्पादन, विक्री, ऋण लगानी ) सम्बन्धी विषयमा जानकारी गराउने ।

(ङ) उद्यमशिलता विकास तालिम : सम्भाव्य उद्यमीहरुको पहिचान पश्चात उनीहरुको लागी अनुकुल हुने स्थानमा उपस्थित गराई सम्झौता अनुसार निर्धारित प्रत्येक वडामा कम्तिमा २० जना सम्भाव्य उद्यमीहरुलाई कम्तिमा ७ (सात) दिनको उद्यमशिल्ता विकास तालिम (Start and Improve Your Business -SIYB) र एक दिनको लैङ्गिक तथा सामाजिक समावेसीकरण (GESI) तालिम समेत गरी जम्मा ८ दिनको तालिम प्रदान गर्ने ।

## ५. *संस्थाबाट प्राप्त प्रस्तावहरु छनौट तथा मूल्याङ्कनका आधारहरु :*

### ५.१ *व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यून्तम योग्यता :*

*(क)* ***संस्थाको अनुभव दर्ता तथा क्षमता :*** लघु उद्यम तथा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा गरिबी निवारणको क्षेत्रमा काम गरेको अनुभव भएको तथा प्रस्ताव पेश गर्न चाहेको जिल्लामा संस्था दर्ता भई सोहि जिल्लामै कार्यालय स्थापना गरी कार्य सञ्चालन गरेको वा छिमेकी जिल्ला (प्रस्ताव पेश गर्न चाहेको जिल्लासंग भौगोलिक सिमाना जोडिएको जिल्ला)मा संस्था दर्ता भई प्रस्ताव पेश गर्न चाहेको जिल्लामा कार्यक्रम सञ्चालन गर्ने अनुमति लिई कार्य सञ्चालन गरेको वा जुन सुकै जिल्लामा संस्था दर्ता भई प्रस्ताव पेश गर्न चाहेको जिल्लामा कार्यक्रम संचालन गर्ने अनुमति प्राप्त गरेको भएमा त्यस्ता संस्थाहरुलाई क्रमश: पहिलो, दोस्रो र तेश्रो प्राथमिकता दिईने छ ।

*(ख)* ***जनशक्ति***

अ) कार्यक्रम संयोजक : १ जना

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता: स्नातक वा सो सरह हुने छ । स्नात्तकोत्तर उपाधि हासिल गरेकोलाई ग्राहयता दिईनेछ ।

२. अनुभव: लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन, र निरीक्षण जस्ता कृयाकलापहरु अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिईनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासि जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

आ) उद्यम विकास सहजकर्ता : ११ जना

१. आवश्यक न्यूनतम योग्यता : सहभागीतात्मक ग्रामिण लेखाजोखा (PRA),घरधुरी सर्वेक्षण -(HHS),उद्यमशिल्ता तालिम (***SIYB/ MECD***) जस्ता तालिम लिई उद्यम विकास सहजीकरणमा प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद् (***CTEVT)*** अन्तर्गत राष्ट्रिय सिप परीक्षण समिति (***NSTB***)बाट सिप परिक्षणमा तह २ वा ३ उतीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (***CTEVT)*** बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी १५ महिने प्राविधिक एस.एल.सी.कोर्ष उत्तीर्ण गरेको हुनुपर्नेछ ।

केशवराज भट्टराई
शाखा अधिकृत

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

२. अनुभव: लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आयआर्जनको क्षेत्रमा अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिईनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा जनजाती वा दलित वा मधेशी, वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

नोट : माथि जुनसुकै कुरा लेखिएको भएता पनि तोकिएको संख्यामा उद्यम विकास सहजकर्ता प्रस्ताव नगरेका प्रस्तावहरु मान्यहुने छैनन् ।

इ) कम्प्यूटर अपरेटर १ जना :

१. आवश्यक न्यूनतम योग्यता : कम्प्यूटर विषय लिइ प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको वा जुनसुकै विषयमा प्रामाण पत्र तह सो सरह उतीर्ण गरी कम्तीमा ३ महिने कम्प्यूटर तालिम लिएको ।

२. अनुभव : कम्प्यूटर सम्वन्धी कार्य अनुभव भएकालाई प्राथमिकता दिईनेछ ।

३. लैङ्गिक तथा सामाजीक समावेसी : महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

## ६. *व्यवसाय विकास सेवा प्रदायक सैस्थाको संस्थागत योग्यता सम्वन्धी विवरण :*

क) संस्था (ईच्छुक सेवा प्रदायक संस्था/गैह्र सरकारी संस्था/फर्म) को विधान मा लघु उद्यम वा ब्यवसाय विकास वा सिप विकास तालिम वा आयआर्जन वा गरिबी निवारणको क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको हुनु पर्ने ।

ख) संस्था दर्ता भएको अवधि न्युनतम २ वर्ष पुरा भएको ।

ग) संस्थाको नविकरण अद्यावधि भएको हुनु पर्नेछ ।

घ) मुल्य अभिवृद्धी करमा दर्ता भएको हुनुपर्नेछ ।

ङ) आ.व. २०७४/०७५को कर चुक्ता प्रमाण पत्र (कर छुट सुविधा प्राप्त गरेको संस्थाले कर कार्यालयको आफनो वार्षिक कारोवार विवरण पेर्श गरेको प्रमाण)

च) कार्यक्षेत्रगत शर्त TOR मा उल्लेख भए वमोजिम जनशक्ति भएको ।

ज) कालो सुचीमा नपरेको स्वघोषणा पत्र संलग्न रहेको ।

झ) आ.व. २०७४/०७५को लेखा परीक्षण भएको ।

ञ) समाज कल्याण परीषदमा दर्ता भएको ।

## ७. *प्रस्तावको ढाँचा :*

संस्था सम्बन्धी विवरण र प्रस्तावको ढाँचा यसै कार्यादेशको अनुसुची १,२ र ३ मा मा उल्लेख गरिएको छ ।

## ८. *प्रस्ताव पेश गर्ने तरिका :*

व्यवसायिक सेवा प्रदायक संस्थाले प्रस्तावलाई खाममा सिलवन्दी गरी खामको वाहिर नाम र ठेगाना स्पष्ट उल्लेख गरी प्रस्ताव आव्हानको सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त ***(TOR)*** प्राप्त गर्न सक्नेछ । प्रशतावकले प्रस्ताव सुचना प्रकाशित भएको मितिले १६ औँ दिनको १२:०० बजेभित्र बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तुमा दर्ता गरिसकंनु पर्नेछ र यसरी दर्ता भएको प्रस्तावहरु सोह दिनको १४:०० बजे नियमानुसार यसै कार्यालयमा खोलिनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको पहिलो दिनमा अन्तिम दिन मानिने छ । तोकिएको अवधिको वीचमा पर्ने सार्वजनिक विदा यस अवधिमा गणना गरिने छैन ।

९. ***प्रस्ताव मूल्याङ्कन गर्ने तरिका :***

मूल्यांकन गर्दा खरिद ऐन, २०६३ र नियमावली, २०६४ वमोजिम प्राविधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताब गर्ने प्रस्तावकलाई २० अंक प्रदान गरिने छ। प्राबिधिक र आर्थिक प्रस्ताबको कुल अंकमा सवै भन्दा वढि अंक ल्याउने प्रस्तावलाई छनौट गरिने छ र दोश्रो र तेश्रो स्थान प्राप्त गर्ने प्रस्तावलाई क्रमश: बैकल्पिक सूचीमा राखिने छ।

***१०. समयावधी:***

यो कार्यक्रम संझौता पत्रमा हस्ताक्षर भएको मिति देखि २०७६ साल आषाढ २० गते मात्र हुनेछ।

११. ***विविधि :***

प्रचलित कानुनको अधिनमा रहि यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४, गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७० (तेश्रो संशोधन २०७५ सहित) बमोजिम हुनेछ।

केशवराज भट्टराई
शाखा अधिकृत

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

***अनुसूची २***

***दफा ११ (१. सँग सम्बन्धित***

प्राविधिक प्रस्ताव फारम

<table>
<tr><td>क्र. सं.</td><td>विषयवस्तु(Content)</td></tr>
<tr><td>१</td><td>परियोजनाको शीर्षक:</td></tr>
<tr><td colspan="2">क. प्राविधिक प्रस्ताव</td></tr>
<tr><td>२</td><td>भूमिका र पुष्ट्याइँ<br>२.१ यो परियोजना स्थानीय तहमा किन आवश्यक छ ?<br>२.२ यो परियोजनाका लागि लक्षित समुदायका मागका आधारहरूके–के हुन सक्छ?<br>२.३ परियोजनाको कार्यान्वयनका लागि संस्थाका निर्दिष्ट अनुभवहरू के–के छन् ?</td></tr>
<tr><td>३</td><td>यो परियोजना मार्फत तपाँईको संस्थालेके उपलब्धि गर्न चाहनु हुन्छ? र कसरी हासिल गर्न सकिन्छ विस्तृत रुपमा व्याख्या गनर्'होस ।</td></tr>
<tr><td>४</td><td>परियोजनाको अवधि<br>.......... परियोजनाको सुरु र अन्तिम मिति</td></tr>
<tr><td>५</td><td>परियोजनाअन्तर्गत सम्पन्न गरिने मुख्य क्रियाकलापहरू
<table>
<tr><td>प्रत्येक उपलब्धि (Output) का लागि मुख्य क्रियाकलापहरू</td><td>समयसीमा (कहिले सुरु र सम्पन्न गर्ने)</td><td>विधिहरू/तहहरू (कसरी कार्यान्वयन गर्ने)</td><td>सहयोगी संस्थाहरू</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>६</td><td>कार्यान्वयनको अवधारणा (approach)<br>६.१ परियोजनाका उपलब्धि (output) र परिणाम (outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ?<br>६.२अशिक्षित महिला तथा विपन्न समुदायमा उद्यमशीलताको विकास कसरी सुनिश्चित गर्नुहुन्छ ?<br>६.३कार्यादेशमा उल्लेखित जिम्बेवारी कसरी पुरा गर्नु हुन्छ ?<br>६.४विस्तृत कार्ययोजना प्रस्ताव गर्नु।</td></tr>
<tr><td>७</td><td>७.१ परियोजनाका गतिविधिहरूको उपलब्धि र परिणामहरूको अभिलेख कसरी राख्नु◌ुहुन्छ ?</td></tr>
<tr><td>८</td><td>अनुगमन तथा मूल्याङ्कन<br>८.१ परियोजनाका गतिविधि प्रगतिको सुपरीवेक्षण कसरी गर्नुहुन्छ ?<br>८.२ लघुउद्यमी समूह र लघुउद्यमीको तहमा प्रगति र सिकाइहरूको अभिलेख कसरी राख्नुहुन्छ ?<br>८.३ प्रत्येक क्रियाकलाप/गतिविधिको कार्य दक्षता मूल्याङ्कन कसरी गर्नुहुन्छ ?</td></tr>
</table>

***प्रस्तावना बढीमा ५ देखी ७ पेजमा सिमित गर्नुहोला ।***

केशवराज भट्टराई
शाखा अधिकृत

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

*अनूसूची-३*

*दफा ११ को १ संग सम्बन्धित*

*ख. आर्थिक प्रस्ताव*

| प्रस्तावित क्रियाकलापहरु | समयसीमा (२०........) | | इकाई (संख्या, पटक, जना आदी ) | दर(रु. | जम्मा प्रस्तावित रकम (रु. |
|---|---|---|---|---|---|
| | .... देखि | ..... सम्म | | | |
| उपलब्धि (output) 1<br>***सामाजिक परिचालन***<br>● श्रोत संभाव्यता अध्ययन<br>● कार्यक्रम अभिमुखिकरण | | | | | |
| क्रियाकलाप १.१ | | | | | |
| क्रियाकलाप १.२ | | | | | |
| उपजम्मा (Subtotal | | | | | |
| उपलब्धि (output) 2<br>***उद्यमशिलता विकास तालिम*** | | | | | |
| क्रियाकलाप २.१ | | | | | |
| क्रियाकलाप २.२ | | | | | |
| उपजम्मा | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| ***जनशक्ति व्यवस्थापन लागत*** | | | | | |
| | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| अन्य | | | | | |
| शीर्षभार (overhead) | | | | | |
| ***जम्मा*** | | | | | |
| मू्ल्यअभिवृद्धि कर | | | | | |
| ***कुल जम्मा*** | | | | | |

नोट :

१. आर्थिक प्रस्तावको अनुसूची ३ मा उल्लेख भएका सबै उपलब्धि (output) मा बजेट प्रस्ताव नगरिएको आर्थिक प्रस्तावको मूल्याङ्कन हुने छैन ।

केशवराज भट्टराई
शाखा अधिकृत

गणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ प्रदेश, नेपाल

## *गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि शिलबन्दी प्रस्ताव आब्हान गरिएको सुचना*

सूचना प्रकासित मिति:२०७६।०१।२६

यस नगरपालिकाका ११ वटै वडामा आ.व. २०७५/०७६ मा यस नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले सोका लागि प्रतिस्पर्धावाट योग्यताक्रम निर्धारण गरी सेवा प्रदायक संस्थाको छनौट गर्नुपर्ने भएकोले ईच्छुक सेवा प्रदायक संस्था/गैह्र सरकारी संस्था/फर्मबाट उक्त कार्यक्रम संचालन गर्नका लागि रितपुर्वक प्रस्ताव आब्हान गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

*शर्तहरु :*

१. प्रस्ताव आब्हानको सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त TOR प्राप्त गर्न सकिनेछ र १६ औ दिनको १२: ०० वजे भित्र यस नगरपालिका मा शिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र यसरी दर्ता भएका प्रस्तावहरु सोही दिनको २ : ०० बजे देखी कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलीनेछ।

२. प्रस्ताव दर्ता गर्ने र खोलीने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि लगतै कार्यालय खुलेको दिन दर्ता वा खोल्ने कार्य गरीने छ।

३. प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा रहने छ।

४. कार्यगत शर्त TOR हरु नगरपालिकाको बेवसाईट वा नगरपालिकाको कार्यालयमा उपलब्ध हुने छ।

५. फर्म खरिदको लागि राजस्व शाखाबाट रु.१०००।- (एक हजार -पछि फिर्ता नहुने गरी) को नगदी रसिद वा यस कार्यालयको नाउँमा कृषि विकास बैंक लि. जीतपूर शाखामा रहेको संचित कोष खाता नं. ०४१५६०१२९५६४३०१२ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गरि खरिद गर्न सकिने छ फर्म डाउनलोड गरि पेश गरेमा शिलबन्दी प्रस्ताव भित्रै रु.१०००।- को नगदि रसिद वा बैंक भौचर अनिवार्य पेश गर्नुपर्ने छ।

६. TOR अनुसारका शर्तको पालाना नभएको र रित नपुगी पेश हुन आएका प्रस्तावहरुलाई मान्यता दिईने छैन।

प्रमुख प्रशासकिय अधिकृत
बाणगंगा नगरपालिका

केशवराज भट्टराई
शाखा अधिकृत

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल



## अनुसूची १
(दफा ७ (१) सँग सम्बन्धित)

# संघ/संस्थाको विवरणका लागि भरिने फारम

**१. सामान्य जानकारी**

| | |
|---|---|
| १.१ परियोजनाको शीर्षक | |
| १.२ परियोजनाको जिल्ला/ प्रदेश | |
| १.३ संघ/संस्थाको नाम | |
| १.४ संक्षिप्त नाम कुनै छ भने | |
| १.५ संघ/संस्थाकाकानुनीस्तर | राष्ट्रिय/जिल्ला(National/District) |
| | गैर सरकारी संस्था/फर्म (NGO/Firm) |
| १.६ सम्पर्क विवरण जस्तैः सम्पर्क व्यक्ति, ठेगाना, फोन, फयाक्स, इमेल | |
| १.७ दर्ता भएको मिति, दर्ता गरिएको कार्यालयहरूको नाम; जस्तैः समाज कल्याण परिषद, जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिष्ट्रार कार्यालय आदि | |
| १.८ काम सुरु गरेको मिति (Date started to work) | |
| १.९ दर्ता नवीकरणको अन्तिम मिति | |

केशवराज भट्टराई
शाखा अधिकृत

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल



## २. संघ/संस्थाको उद्देश्य तथा क्षमता (Objectives and competency of the organization)

| | | |
|---|---|---|
| २.१ | विधानमा उल्लेखित संस्थाको प्रमुख उद्देश्यहरू समावेश गर्ने (संस्थाको विधानको प्रतिलिपी संलग्न गर्ने | |
| २.२ | संस्थाको योग्यता (जस्तैः कृषिमा, वनमा, पर्यटनमा, सेवामा आधारित उद्यमहरूको विकासका क्षेत्रमा) | |
| २.३ | कार्यक्रम व्यवस्थापन निर्देशिका (संस्था छनोट पछि हेरिने) | |
| २.४ | तपाईंको संस्थाले लैङ्गिक र सामाजिक समावेसीकरणका पक्षमा कस्तो ध्यान पुऱ्याएको छ। (जस्तैः कर्मचारी भर्नामा,कर्मचारीको जिम्मेवारीमा, लाभांश वितरणमा आदि) | |
| २.५ | संस्थाको कति जना कर्मचारी या सदस्यहरूले उद्यमशीलता/लघु-उद्यमविकासको माध्यमवाट गरिबी निवारणको लागि तालिम प्राप्त तथा अनुभव हासिल गरेका छन् ? कति जना कर्मचारीको उद्यम विकास सहजकर्ता या अधिकृतको रूपमा काम गरेको अनुभव छ ? | |
| २.६ | विगतमा संस्थाले उद्यम विकासको क्षेत्रमा के कति सफलता पाएको छ ? | |
| २.७ | विगतमासंस्थाले दात्री संस्थाहरूसँग या साझेदारीमा काम गरेका संस्थाहरू (यदि भएमा) उल्लेख गर्नुहोस् । | |

केशवराज भट्टराई
शाखा अधिकृत

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल



## ३. विगत कामको अनुभव (Work history)

| ३.१ कामको किसिम | ३.२ जिल्ला | ३.३ *गाउँपालिका/नगरपालिकाहरू | ३.४लाभान्वितहरू | | ३.५ कार्य गरको अवधि | ३.६ कोष परिचालन रुपियामा | ३.७ कोषको श्रोत | ३.८ परिणाम हासिल (Results achieved) |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | महिला प्रतिशतमा | | | | |
| | | | | | | | | |

३.९ पहिले काम गरेको दातृ देश या संस्था र अन्य संस्थाहरूको सिफारिस कम्तीमा ३ वटा समावेश गर्ने । (Please include recommendations from past donors and other organisations (at least three))

३.१० संस्थाको छोटकरी प्रतिवेदन तथा प्रगति प्रोफाइल या प्रकाशित भएको दस्तावेज कम्तीमा ३ वटा बुझाउन होला जसले संस्थाको सफलता हासिल गरेको देखिन्छ ।(Please also include brief progress reports or organisational progress profile or any published documents that indicate organisational achievements (at least three))

## ४. संस्थाको कार्यकारी समितिको संरचना (Executive Board Composition)

| ४.१ व्यक्तिको नाम (Name of the persons) | ४.२ लिङ्ग (Sex) | ४.३ जात/जनजाति (Caste/ethnicity) | ४.४बोर्डमा रहेको पद (Position in the Board) | ४.५ शिक्षा/योग्यता (Education/ qualification) | ४.६ काम गरेको क्षेत्र र अनुभव गरेको वर्ष (Area and number of years of experience) | ४.७ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू (Number of years of experience of the district) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोटः प्रस्तावित परियोजनामा बोर्डका सदस्यहरू कर्मचारी भएर काम गर्न पाउने छैन् । (Note: Board members are not qualified to be staff for this proposed project)

* पहिलो संशोधनद्वारा रुपान्तरित ।

केशवराज भट्टराई
शाखा अधिकृत

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल



## ५. संस्थामा रहेका मानव श्रोतहरू (Human Resources in the organization)

| ५.१ व्यक्तिको नाम (Name of the persons) | ५.२ लैङ्गिक (Sex) | ५.३ जात/जनजाति (Caste/ethnicity) | ५.४ बोर्डमा रहेको पद (Position in the organization) | ५.६ शिक्षा/योग्यता (Education/ qualification) | ५.७ काम गरेका क्षेत्र र अनुभव गरेको वर्ष (Areas and number of years of experience) | ५.८ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू (विशेष जिल्ला पनि) (Number of years of field experience) (specify district also) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ६. परियोजनाका टोलीको संरचना (यस प्रस्तावित परियोजना कार्यन्वयनका लागि) (Project team composition (to implement this proposed project))

| ६.१ व्यक्तिको नाम (Name of the persons) | ६.२ लैङ्गिक (Gender) | ६.३ जात/जनजाति (Caste/ ethnicity) | ६.४ पेशागत अनुशासन (Professional's discipline) | ६.५ शिक्षा/योग्यता (Education/ qualification) | ६.७ काम गरेका क्षत्र र अनुभव गरेको वर्ष (Number of years of experience) | ६.८ जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू (विशेष जिल्ला पनि) (Number of years of field experience) (specify district also) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोटः प्रस्तावित परियोजनामा बोर्डको सदस्यहरू कर्मचारी भएर काम गर्न पाउने छैन् । (Note: Board members are not qualified to be staff for this proposed project)

## ७. एकै साथ मिलेर र साझेदारीमा (Collaboration and partnership)

| ७.१ एकै साथ मिलेर र साझेदारीमा काम गरेको संस्थाहरू(Organisation with which partnership/collaboration established) | ७.२ एकै साथ मिलेर र साझेदारीमा काम गर्नको उद्देश्य (Purpose of collaboration/partnership) | ७.३ एकैसाथ मिलेर काम गरेको अवधि (Period of collaboration) | कैफियत (Remarks) |
|---|---|---|---|
| | | | |

केशवराज भट्टराई
शाखा अधिकृत

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल



## ८. वित्तीय तथा अन्य प्रणाली (Financial and other systems)

| | |
|---|---|
| ८.१ बुक किपिङ्ग प्रणाली/वित्तीय/लेखा तथा प्रशासनिक प्रणाली(System of book keeping/financial/ accounting and administration system) | |
| ८.३ कर छुटको प्रमाण पत्र राख्नु यदि संस्था कर छुटको दायरामा पर्दछ ।(Include Tax Free Documents (if Tax Free Organisations) | |
| ८.४ गत २ वर्षको अडिट प्रतिवेदन को साथ अडिटरले दिएको टिका टिप्पणी समेतको फोटो कपि पेश गर्ने(Audit reports with auditor's comments for last two years (please attach the copies)) | |
| ८.५VATरजिष्ट्रेसनको प्रमाण पत्र र सूचीत नम्बर समावेश गर्ने(Include VAT registration certificate and indicate number) | |
| ८.६ व्यक्तिगत,प्रशासनिक,रवित्तीयनीति/निंदेशिका (छनौटपछि प्रमाणित गरिने छ) । (Personnel, administrative and financial policy/guidelines (will be verified after selection)) | |
| ८.७ ओभरहेडको उपयोगबारे रंणनीति/निर्देशिका (Overhead utilization strategy/guidelines) | |

९. यदि संस्था कुनै पनि कानूनी झमेलामा परेको भएमा सत्य तथ्यता खुलाउनु पर्नेछ । छ .... छैन .................. (Disclose of the fact that the organization/Consultant has not been subjected to any legal actions): Yes.................. No...........................

१०. माथि लेखिएका सबै जानकारी सत्य छ भनी प्रमाणित गर्दछु । (Declaration: The above information is true).

**सहि........................................**

**नामः**

**पदः**

**मितिः**

**Signature.....................................**

केशवराज भट्टराई
शाखा अधिकृत



1. **Curriculum Vitae**

**I. General information**

| | |
|---|---|
| **Name** | |
| **Proposed position** | |
| **Sex and age** | |
| **Caste/ethnicity** | |
| **Address** | |
| **Email, mobile, fax** | |

**II. Educational qualifications**

| Degree | Name of school/institution | Year of completion |
|---|---|---|
| | | |
| | | |

**III. Training received**

| Subject of training | Name of institution/training organization | Duration of training |
|---|---|---|
| | | |
| | | |

**IV. Employment history**

| Year (from....to) | Name of organization | Position | Key roles and responsibilities (specify districts also) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**V. References (at least three)**

**Date:** ....................................... **Signature:** ..........................